# IMPORTANT NEWS

Noticias importantes • Xov Xwm Tseem Ceeb • གལ་ཆེའི་གསར་འགྱུར། • 重要新闻 • महत्त्वपूर्ण समाचार

डिसेम्बर १९, २०२३

नेपाली / *NEPALI*

**तलब वृद्धि योजनाको लागि अन्तिम स्वीकृति प्राप्त**

मङ्गलबार, डिसेम्बर १९ मा राज्य विधानसभाको रोजगार सम्बन्धका संयुक्त समिति (*JCOER*) ले *Universities of Wisconsin* कर्मचारीहरूका लागि तलब बढाउने योजना स्वीकृत गऱ्यो। यस तलब योजना भित्र, जुन मूल रूपमा जुलाईमा २०२३-२५ सालको राज्यको बजेट प्रक्रियामा समावेश गरिएको थियो, *Universities of Wisconsin* कर्मचारीहरूका लागि चार प्रतिशत तलब वृद्धि, योग्य कर्मचारीहरूको लागि जुलाई २, २०२३ सम्मको पूर्वव्यापी रूपमा, साथै जुलाई २०२४ को लागि दुई प्रतिशत वृद्धि समावेश छ।

योग्य कर्मचारीहरूले जुलाई २, २०२३ देखिको तलब र साथमा चार प्रतिशत तलब वृद्धि पाउनेछन्। कर्मचारीहरूले जनवरी ११, २०२४ को आफ्नो आमदानी विवरणमा आफ्नो जुलाई देखिको तलब र नयाँ तलब वृद्धि देख्ने अपेक्षा गर्नुपर्दछ।

जुलाई २, २०२३ मा योग्य कर्मचारीहरू जुलाई देखिको तलब पाउन योग्य छन्, जसलाई एक्मुस्ट भुक्तानी रकमको रूपमा प्रदान गरिनेछ। तलब दर वृद्धि पाउन योग्य हुनका लागि, कर्मचारीहरू जुलाई २, २०२३ को आफ्नो कार्यपदमा अझै पनि कार्यरत हुनुपर्दछ। कर्मचारीहरूले आफ्नो अन्तिम कार्यसम्पादन मूल्याङ्कनमा पहिचान गरिए अनुसार कार्यसम्पादन अपेक्षाहरू पनि पूरा गरेको हुनुपर्दछ। तलब वृद्धिको पूर्वव्यापी प्रकृतिको कारणले, नौ महिनाको कर्मचारी वा जुलाई २, २०२३ पछि रोजगारीमा बदलेका कर्मचारीहरूका लागि विशेष योग्यता विचारहरू लागू हुन सक्दछन्।

तलब वृद्धि पाउने कर्मचारीहरूले आफ्नो नयाँ तलब दरको बारेमा जानकारी लिखित सञ्चार मार्फत पाउनेछन्। प्रश्नहरू भएमा कर्मचारीहरूले आफ्नो सुपरभाईजर वा आफ्नो विभागीय मानव संसाधन कार्यालयको प्रतिनिधिसँग कुरा गर्नुपर्दछ।